## परिच्छेद-३

### श्रमिक आपूर्तिकर्तालाई इजाजतपत्र दिने सम्बन्धी व्यवस्था

नयाँ दर्ताको लागि पेश गर्ने कागजातहरूको सूची

४. **इजाजतको लागि निवेदन दिनु पर्ने:** (१) श्रमिक आपूर्ति गर्न चाहने कम्पनीले एक मात्र कार्यक्षेत्रको लागि सम्बन्धित क्षेत्रको श्रम तथा रोजगार कार्यालय समक्ष र एकभन्दा बढी कार्यक्षेत्रको हकमा विभाग समक्ष यस निर्देशिकाको अनुसूची-१ बमोजिमको ढाँचामा देहायका कागजात, विवरण सहित निवेदन दिनु पर्नेछः-

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि

(ग) कम्पनीको प्रबन्धपत्रको उद्देश्यमा यस विभाग वा कार्यालयबाट श्रमिक आपूर्तिकर्ता इजाजत दिने सेवाहरू स्पष्ट उल्लेख हुनुपर्नेछ,

(घ) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) कम्पनीका सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(छ) कुन काम वा सेवाको लागि श्रमिक आपूर्ति गर्न चाहेको हो सोको विवरण,

(ज) संस्थापक वा सञ्चालकले आफु कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको र प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको स्वघोषणा पत्र,

(झ) सामाजिक सुरक्षा कोषमा सुचिकृत भएको रोजगारदाता सूचीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ञ) विभाग वा कार्यालयले तोकेको अन्य आवश्यक कागजात ।

(२) कम्पनी ऐन अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मितिले कम्पनीले ६ महिनाभित्र श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र लिएर मात्र कार्य गर्न पाउनेछ ।

(३) कम्पनीको प्रबन्धपत्रको उद्देश्यमा यसअघि श्रमिक आपूर्ति सम्बन्धी कुनै उद्देश्य नरहेको तर हालै मात्र श्रमिक आपूर्ति गर्ने उद्देश्य थप गरी आएको कम्पनीको हकमा उद्देश्य थप गरिएको अवधि देखि ६ महिनासम्म नयाँ सरह मानी इजाजतपत्र जारी गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि उक्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभाग वा कार्यालयले निर्देशिकाको अनुसूची-२ बमोजिमको इजाजतपत्र दस्तुर र सोही अनुसूचीमा उल्लेख भए बराबरको धरौटी वा बैंक ग्यारेण्टी लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

५. **बैंक ग्यारेण्टीको अवधि:** (१) यस निर्देशिकाको दफा ४ बमोजिम इजाजतपत्र जारी गर्दा इजाजतपत्रवालाले धरौटी बापत बैंक ग्यारेण्टी दिएमा त्यस्तो बैंक ग्यारेण्टीको अवधि इजाजतपत्र बहाल रहने अवधिभन्दा कम्तिमा नौ महिना बढी अवधिको हुनु पर्नेछ ।